# विकल्पहीन कथामा नारीवाद

माया घिमिरे
उपप्राध्यापक, नेपाली
राममणि बहुमुखी क्याम्पस, रूपन्देही
Email: ghimiremaya26@gmail.com

| **Submission:** 11/02/2023 | **Revision:** 20/03/2023 | **Acceptance:** 15/04/2023 |
|---|---|---|

**लेखसार**

प्रस्तुत लेख नारीवादको सैद्धान्तिक स्वरूपको नर्माण गरी त्यसका आधारमा विकल्पहीन कथाको विश्लेषणमा केन्द्रित छ । यस लेखमा साहित्यमा नारीवादको अध्ययन गर्ने नारीवादी समालोचनाका प्रमुख मान्यताका आधारमा कथाका नारीपात्रको अवस्थालाई विश्लेषण गरी निष्कर्षात्मक मूल्याङ्कन समेत गरिएकको छ । नारीवाद पितृसत्तात्मक समाजमा लैङ्गिक आधारमा नारीमाथि भएका शोषण, दमन र उत्पीडनको प्रतिरोधमा विकसित नारीपक्षीय विचार, दर्शन र राजनीति हो । यो नारीको स्वतन्त्र पहिचान र अस्तित्वसँग सम्बन्धित सामाजिक मुक्ति र समानतासँग सम्बन्धित आन्दोलन हो ।  विकल्पहीन कथा अर्धसामन्तवादी पितृसत्तात्मक सामाजिक संरचनाका कारण नारी पात्रले भोग्नुपरेको विकल्पहीन अवस्थाको उत्पीडनसँग सम्बन्धित छ । कथामा नारी पात्रलाई पत्नी, आमा, गृहिणी, पराश्रित तथा दोस्रो दर्जाकी नागरिक, निम्नवर्गीय, किनारीकृत नारी चरित्रका रूपमा पहिचान दिलाउँदै तिनका अवस्थाप्रति सहानुभूति प्रकट गरिएको छ । कथामा पितृसत्ता र त्यसका संस्थाहरूद्वारा उत्पादन कार्यमा सहभागी भई आत्मनिर्भर बन्न चाहने नारी पात्रलाई लैङ्गिक भेद, शोषण, दमन र उत्पीडनमा पारी किनारामा पु-याइएको छ । यस लेखमा पुस्तकालयीय स्रोतबाट संकलित सामग्रीलाई पाठविश्लेषणमा आधारित गुणात्मक पद्धतिको प्रयोग गरी विश्लेषण गरिएको छ । प्रत्यक्ष रूपमा नारी पात्रको उपस्थिति रहेको यस कथालाई अन्तरअनुशासनात्मक नारीपक्षीय सिद्धान्तका रूपमा विकसित नारीवादी समालोचनाका पितृसत्ता, लैङ्गिक प्रतिनिधित्व, पहिचान र नारी उत्पीडनका आधारमा विश्लेषण गरी नारीपक्षीय विचारधारा अभिव्यक्त भएको निष्कर्ष निकालिएको छ ।

*शब्दकुञ्जी :* पितृसत्ता, नारीचेतना, उत्पीडन, प्रतिनिधित्व, उपेक्षा ।

## १. विषयपरिचय

पारिजात (१९९४-२०५०)नेपाली साहित्यका कविता, आख्यान, निबन्ध र नाटक विधामा कलम चलाएकी विशिष्ट साधक हुन् । वि.सं. २०१३ सालमा ‘धर्ती’ पत्रिकामा*आकांक्षा* शीर्षकको कविता प्रकाशन गरी नेपाली साहित्यकाशमा प्रवेश गरेकी पारिजातको पहिलो कथा*मैले नजन्माएको छोरो* (२०२१) हो । उनका*आदिम देश* (२०२५) *सडक र प्रतिभा* (२०३२), *साल्गीको बलात्कृत आँसु* (२०४३) र *बधशालाजाँदाआउँदा* (२०४९) गरी ४ वटा कथासंग्रह प्रकाशित छन् । यी संग्रहका अतिरिक्त उनका अन्य काव्यकृतिहरू पनि प्रकाशित छन् । समाजवादी यथार्थवादको वैचारिक धरातलमा अडिएर आफू बाँचेको युग, काल र सामाजिक मूल्यप्रति आक्रोश र बिद्रोहको स्वर सुसेल्दै असन्तुलित आर्थिक प्रणालीको पर्दाफास गर्ने सशक्त स्रष्टाका रूपमा पारिजात परिचित छन् । उनको करिब तीन दशकको कथायात्रालाई प्रथम चरण (२०२१- २०२९) र द्वितीय चरण (२०३०- २०५०) गरी दुई चरणमा वर्गीकरण गरिएको छ । पारिजातले प्रथम चरणका कथामा विसङ्गति बोधलाई शून्यवादी अस्तित्ववादी दृष्टिकोणबाट केलाउँदै समाजमा विद्यमान वर्गीय,जातीय र लैङ्गिक भेदलाई उधिनेकी छन् भने द्वितीय चरणका कथामा जीवन भोगाइका क्रममा गतिशील प्रगतिवादी चिन्तनमा नारी समस्यालाई समेत समन्वित गरी

कथासिर्जना गरेकी छन् । उनमा धेरैजसो कथामा नारीको समान सहभागिताको वकालत गर्दै स्त्रीका पक्षमा विमर्श गरिएको छ । उनको विकल्पहीन कथामा पनि पितृसत्तात्मक समाजमा अभ्यन्तरित लैङिगक भेद र उत्पीडनबाट नारी पात्र प्रभावित भएको चित्रण गरिएको छ ।

कथाकार पारिजातका चारवटै कथासङ्ग्रहमा सङ्कलित कथाहरू सांस्कृतिक अध्ययनका दृष्टिले महत्त्वपूर्ण छन् । पारिजातद्वारा लिखित *'विकल्पहीन'* कथा *बधशाला जाँदाआउँदा* कथा सङ्ग्रहमा सङ्कलित भएर रहेको छ । पारिजातले आफ्ना कथामा नारी समस्यालाई चित्रण गर्दै नारी स्वतन्त्रता, समता र समानताको आवाज उठाएकी छन् । मार्क्सवादी साहित्य सिर्जनाको परिसरमा केन्द्रितभई नारी समस्या र अनुभूतिलाई महत्त्व दिदै लैङ्गिक उत्पीडनको कहालिलाग्दो अवस्थालाई चित्रण गरिएको उल्लेखनीय र प्रतिनिधिमूलक कथाका रूपमा *विकल्पहीन* कथा विश्लेषणीय छ । नारीवादी समालोचनाले लैङ्गिक उत्पीडन र लैङ्गिक विभेदकताको बहसलाई सतहमा ल्याउने काम गर्छ । यसले पुरुषको नारीमाथिको दृष्टिकोण नियाल्छ र लैङ्गिक न्यायमा विमर्श गर्दछ । साहित्यमा कृतिले वर्णन गरेको सामाजिक सांस्कृतिक परिवेशलाई आधार मानी नारी पात्रहरूको मनोलोकको विश्लेषण गर्नु तथा उनीहरूका समस्यामा केन्द्रित भई विश्लेषण तथा विमर्श गर्नु नारीवादको प्रमुख उद्देश्य हो ।

समाजमा चिरकालदेखि प्रबल रहेको लिङ्गकेन्द्रित पितृसत्तात्मक विचारधारा तथा सबैखाले हैकमवादी पुरुष मानसिकताका विरुद्ध सामाजिक,आर्थिक,सांस्कृतिक,स्वतन्त्रता र सामानताका आधारमा आन्दोलनका रूपमा अगाडि बढेको नारीवाद नारीपक्षीय विचार,दर्शन र राजनीति हो । यसले नारीपुरुषबीचको सम्बन्ध,प्रतिनिधित्व, भूमिका,भेद,दमन,उत्पीडन,भाषा जस्ता विविध पक्षलाई एकपक्षीय ढङ्गले अध्ययन गरी नारीका हक, हित,अधिकार र आत्मनिर्भरतालाई प्रश्रय दिन्छ । साहित्य तथा समालोचनाका क्षेत्रमा नारीवादले पाठमा नारीको उपस्थिति र उनीहरूको प्रकार्यात्मक भूमिकाको अध्ययन गर्दछ । नारीवादी आन्दोलनको पृष्ठभूमिमा विकसित नारीवादी समालोचनाले पाठमा नारीको प्रतिनिधित्व,पहिचान,शक्तिसम्बन्ध,प्रभुत्व र प्रतिरोधको अवस्था आदिको अध्ययन गर्दै किनारामा पु-याइएका नारीका दमित तथा उत्पीडित अवस्थाको विश्लेषण गरी नारी अस्तित्वको खोजी गर्दछ । नारीमैत्री व्यवहारको अपेक्षा गर्ने नारीवादले नारीलाई नारीकै कोणबाट विश्लेषण गरिनुपर्ने धारणा अगाडि सारेको छ । नारीवादी समालोचनाका अनेक पद्धति,प्रवृत्ति ,धार र मान्यताहरू रहेका छन् । यस अध्ययनमा अन्तरअनुशासनात्मक पद्धतिका रूपमा विकसित नारीवादका पितृसत्ता,प्रतिनिधित्व,पहिचान र नारी उत्पीडनलाई आधार मानी विकल्पहीन कथाको विश्लेषण गरिएको छ ।

अनुन्धानका क्रममा शोधसमस्या पहिचान गरी त्यसको सैद्धान्तिक ढाँचा तयार गर्न ,रिक्तता पत्ता लगाएर अध्ययनलाई व्यवस्थित र परिणाममुखी बनाउने सन्दर्भमा उपर्युक्त मार्ग अवलम्बन गर्न पूर्वाध्ययनको पुनरावलोकन उपयोगी हुन्छ । पारिजातको *विकल्पहीन* कथाको नारीवाद अध्ययनका सन्दर्भमा नारीवादी समालोचनाका पर्याधारका आधारमा सूक्ष्म रूपमा विश्लेषण नभएको परिप्रेक्ष्यमा पारिजातका कथागत प्रवृत्ति र उनका कथाका बारेमा गरिएका नारीकेन्द्रित अध्ययनलाई सङ्केत गर्ने खालका प्रतिनिधिमूलक अध्ययनलाई पूर्वकार्यका रूपमा लिई सामान्वीकरण गरी समीक्षा गरिएको छ । कृष्णप्रसाद घिमिरे र रामप्रसाद ज्ञवाली(२०५८) ले *आख्यानकार पारिजात पुस्तकमा,* हरिप्रसाद शर्मा (२०६७) ले *कथाको सिद्धान्त र विवेचना* पुस्तकमा र गोविन्दप्रसाद लुइटेल ( २०७७) ले *भृकुटी* नारीवाद विशेषाङ्कमा 'नारीवादी चेतना सन्दर्भःपारिजातका कथा' शीर्षकमा पारिजातका दुबै चरणका कथामा अन्तर्निहित वर्गीय भेदका साथै नारीसमस्यालाई उधिन्दै नारीचरित्रका मनोभावलाई विश्लेषण गरिएको बताएका छन् । यसै प्रसङ्गमा उनीहरूले मार्क्सवादी विचारधारालाई आधार मानेर लेखिएका आख्यानकार पारिजातका नयाँ मान्छे, साल्गीको बलात्कृत आँसु, नैकापे सर्किनी, प्रतिकूलता, विकल्पहीन जस्ता कथामा पुरुषको प्रभुत्व रहेको र नारीपात्रहरू वर्गीय, लिङ्गीय र जातीय तीनै आधारमा किनारीकृत अवस्थामा रहेको उल्लेख गरेका छन् । पितृसत्ताको प्रभुत्वका कारण नारीपात्रहरू उत्पीडित अवस्थामा बाँच्न बाध्य भएको उल्लेख गरिएका यी पूर्वाध्यायनले पारिजातका कथाका नारीपात्रहरू लैङ्गिक रूपमा हिंसामा शोषित, दमित उत्पीडित छन् भन्ने कुराको

सङ्केत गरेका छन् । उनका कथाको अध्ययनका क्रममा डी.आर पोखरेल र सिर्जना शर्मा (२०७५) ले *भृकुटी* पारिजात विशेषाङ्कमा 'कथा सिर्जनामा पारिजात' र 'नेपाली कथामा पारिजातको स्थान' शीर्षकमा पारिजातका नारीचरित्र केन्द्रित कथालाई विश्लेषण गरेका छन् । उनीहरूले यी अध्ययनमा संघर्षशील तर उत्पीडन भोग्न बाध्य नारीपात्रका रूपमा विकल्पहीन कथाकी लक्ष्मीपुरे डल्लीलाई चिनाएका छन् । विश्लेषणका क्रममा आर्थिक अभावले ग्रसित लक्ष्मीपुरे डल्लीले जागीर खाई आत्मनिर्भर बन्न खोज्दा अर्कैको बात लगाएर निकालेको घटनाले डल्लीले मरुभूमितुल्य विकल्पहीन यात्रामा निरुद्देश्य निस्कन परेको यथार्थलाई सङ्केत गरेको छ । नारीवादी दृष्टिकोणबाट अध्ययन तथा विश्लेषण नभए पनि उपर्युक्त पूर्वाध्यायनले पारिजातका कथा नारीसमस्यामा केन्द्रित छन्, यी कथा सांस्कृतिक अध्ययनका विभिन्न कोणबाट अध्ययन गरिएका छन् तापनि *विकल्पहीन* कथाको पितृसत्ता, लैङ्गिक प्रतिनिधित्व,पहिचान र नारीउत्पीडनका आधारमा अध्ययन गरिएको छैन । त्यसैले प्रस्तुत अध्ययनमा पारिजातको विकल्पहीन कथामा नारीवादको खोजी गरिने भएकाले यसको प्राज्ञिक औचित्य छ ।

**२. अध्ययनको समस्या र उद्देश्य**

नारीस्रष्टा पारिजातका चारवटै कथा सङ्ग्रहमा सङ्गृहीत कथाहरू आस्वादनीय मात्र नभई प्राज्ञिक दृष्टिले पनिगहन र अनुसन्धेय छन् । नारीसमस्यालाई केन्द्रमा राखी कथा सिर्जना गर्ने पारिजातको दोस्रो चरणमा सिर्जना गरिएको *विकल्पहीन* कथामा पितृसत्ता र यसका संस्थाहरूद्वारा किनारीकृत नारीपात्रको उत्पीडनको अवस्थालाई चित्रण गरिएको छ । त्यसैले *विकल्पहीन* कथाको नारीवादका दृष्टिले अध्ययन तथा विश्लेषण गर्नु यस लेखको मूल समस्या हो र यसै मूल समस्यासम्बद्ध शोध्यप्रश्नहरू यसप्रकार रहेका छन् :

(क) रचना सन्दर्भगत पितृसत्ता केकस्तो रहेको छ ?

(ख) कथामा लैङ्गिक प्रतिनिधित्व र पहिचानलाई कसरी प्रस्तुत गरिएको छ ?

(ग) कथामा नारीउत्पीडनलाई किन प्रस्तुत गरिएको छ ?

समस्याकथनमा उल्लेख गरिएका समस्याहरूको समाधान खोज्नु यस लेखको मुख्य उद्देश्य हो ।

**३. अध्ययनविधि र सामग्री सङ्कलन**

पाठविश्लेषणमा आधारित गुणात्मक अनुसन्धानपद्धतिमा तगार हुने यस लेखमा प्राथमिक र द्वितीयक समग्री उपयोग भएको छ भने सामग्रीको स्रोत पुस्तकालय हो । यस लेखको मुख्य सामग्री *विकल्पहीन* कथा हो । द्वितीयक स्रोतअन्तर्गत यस अध्ययनसँग सम्बन्धित सैद्धान्तिक पर्याधारसँग सम्बन्धित विभिन्न पुस्तक, शोध तथा अनुसन्धानात्मक लेखरचना र इन्टरनेटबाट प्राप्त सामग्री रहेका छन् । यो लेख वर्णनात्मक, विश्लेषणात्मविधिमा आधारित रहेको छ ।

**४. सैद्धान्तिक पर्याधार**

अङ्ग्रेजी 'फेमिनिजम' शब्दबाट नेपालीमा रूपान्तरित नारीवाद नारीपक्षीय अन्तरअनुशासनात्मक दर्शन हो । यसले नारीको पुरुषसरहको अधिकार र अवसरको खोजी गर्दछ । यसले वैचारिकता र लैङ्गिक शोषणका विरुद्ध वैश्विक प्रतिरोधको चिन्तन निर्माण गरेको छ । परम्परित पितृसत्ताका विरुद्धमा नारीकेन्द्रित विचारलाई स्थापित गर्दै अगाडि बढेको नारीवादले नारीको निजी तथा सार्वजनिक जीवनको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्दछ । नारीलाई पुरुषसरह हक, हित, दिलाएर समानता कायम गर्नको लागि नारीका पक्षमा बोल्ने, लेख्ने, राजनीतिक विचारधाराका रूपमा नारीवाद विकसित भएको हो । नारीमाथि गरिने सबै प्रकारका विभेद र थिचोमिचोको विरोध गर्दै पितृसत्ताद्वारा निर्मित डिस्कोर्सहरूलाई भत्काउँदै अगाडि बढेको नारीवादले किनारामा रहेका महिलाहरूलाई केन्द्रमा ल्याउने प्रयत्न गर्दछ । नारी समानता र स्वतन्त्रताको वकालत गर्दै अगाडि बढेको नारीवादले नारीमाथि गरिने परिवार, समाज, संस्था र सत्ताले गरेको भेद र शोषणको विरोध गर्दछ ।

नारीको सामाजिक तथा राजनीतिक पहिचानको स्थापनासँग सम्बन्धित नारीवादलाई 'अक्सफोर्ड एड्भान्स लर्नर्स डिस्सनरी' मा महिलाले पनि पुरुषले जत्तिकै अधिकार र अवसर पाउनु पर्छ भन्ने लक्ष्य र विश्वास राखेर

गरिएको संघर्षका रूपमा अर्थ्याइएको छ । महिलाको समानअधिकारको खोजीमा गरिएको आन्दोलनका रूपमा रहेको नारीवादलाई सुधा त्रिपाठीले *नारीवादी सौन्दर्य चिन्तन* पुस्तकमा महिलाको सामाजिक राजनीतिक हैसियतका बारेको विचार र कर्म नै नारीवाद हो (त्रिपाठी, २०६८, पृ.६५) भनेकी छन् भने नारीवादी चिन्तक लर्बरले पुरुष र महिलाका बीचमा समानता ल्याउने आधारभूत लक्ष्यका साथ चलाइने सामाजिक आन्दोलनलाई नारीवाद (लर्बर, सन् २००५, पृ.१) भनेकी छन् । त्यसैगरी अमर गिरीले नारीवादलाई लैङ्गिक विभेद र उत्पीडनको विरोधमा अगाडि आएको चिन्तन (गिरी, २०७०, पृ.१३) का रूपमा चिनाएका छन् । गिरीले यसलाई नारीहितको पक्षपोषण गर्ने अनेकौं विचार र आन्दोलनको समष्टिका रूपमा उल्लेख गरेका छन् । महिलाहरूको सामाजिक र आर्थिक उत्थानमा जोडदिने नारीवादलाई कृष्ण गौतमले यसरी अर्थ्याएका छन् - "स्त्रीवाद एउटा त्यस्तो बौद्धिक तथा व्यावहारिक आन्दोलन हो जो सामाजिक, सांस्कृतिक, साहित्यिक आदि अनेक क्षेत्रमा स्त्रीजातको पक्षबाट बोल्दछ र यसमा ती विचार,विश्वास,आस्था र आन्दोलनहरू पर्दछन् जसबाट नारीको हितको विकासमा सघाउ पुग्छ भन्ने ठानिन्छ" ( गौतम,२०५९,पृ.३४४) । नारीवाद लैङ्गिक अध्ययनको एउटा पक्षका रूपमा उल्लेख गर्दै महिलालाई महिलाको कोणबाट हेर्ने, बोल्ने, लेख्ने र नारी मूल्यमान्यतालाई स्थापित गर्ने विचार, दर्शन र राजनीति हो (भट्टराई, २०६८, पृ.२६४) । नेत्र एटम (२०५९) का अनुसार नारीजातिका तर्फबाट साहित्यलाई बुझ्ने र बुझाउने तथा नारीलाई सामाजिक, सांस्कृतिक, धार्मिक, बौद्धिक आदि विषयमा मुक्त र आत्मनिर्भर बनाई पुरुष एकाधिकारको भञ्जन गर्ने आन्दोलन नै नारीवाद हो (एटम, २०५९, पृ.१५५) । यसरी नारीवादलाई नारीपक्षीय सिद्धान्तका रूपमा स्थान दिलाउँदै पुरुषप्रधान समाज र पितृसत्ताद्वारा निर्मित असमान संरचनाका विरुद्ध गरिने सङ्घर्षपूर्ण अभियानका रूपमा अर्थ्याइएको छ । जन्मदा समान रूपमा जन्मेका मानवलाई फरक लिङ्गका आधारमा समाज, संस्कार र सत्ताले हिंसा, दमन, भेद र उत्पीडनका माध्यमबाट दोस्रो दर्जाको नागरिकका रूपमा व्यवहार गर्न थालेपछि नारीवाद आन्दोलनका रूपमा अगाडि बढेको हो । नारीवादले पाठमा नारीपुरुषको सम्बन्ध, लैङ्गिक प्रतिनिधित्व,लैङ्गिक भूमिका, लैङ्गिक भेद,पहिचान, प्रभुत्व, शक्तिसम्बन्ध,उत्पीडन जस्ता विविध पक्षको आधारमा अध्ययन तथा विश्लेषण गरे पनि यस अध्ययनमा विकल्पहीन कथालाई पितृसत्ता, लैङ्गिक प्रतिनिधित्व, पहिचान र नारी उत्पीडनजस्ता मूलभूत अध्ययनक्षेत्र रहेका छन् ।

नारीवाद पितृसत्तात्मक संरचनाले गरेको पक्षपातका विरुद्धको चुनौती हो । यसमा परिवारका सम्पूर्ण सदस्यहरू पिता वा कुनै पुरुषको अधीनमा रहने व्यवस्था रहेको हुन्छ । "पितृसत्ता समाजव्यवस्थाको एउटा त्यस्तो ढाँचा हो जसमा सम्पूर्ण सदस्यहरू पिता वा कुनै पुरुषमुखियाको अधीनमा रहन्छन्" (पाण्डे, २०६९, पृ. ९) । वर्तमान समयमा पितृसत्तालाई एउटा सामाजिक संस्थाका रूपमा लिइन्छ ,जुन संस्थाभित्र परिवार, धर्म, कानुन, शिक्षा, राजनीति, सञ्चारजस्ता संस्थाले पुरुषवर्चस्वलाई केन्द्रमा राखेका हुन्छन् । त्यसैले पितृसत्ता पुरुषकै हितमा पुरुषद्वारा रचित सामाजिक संरचनाको रूप हो । पितृसत्तामा पुरुषलाई शक्तिशाली, स्वतन्त्र र निर्णायक तहमा राखिएको हुन्छ भने महिलालाई हिंसा, भेद, दमनजस्ता उपकरणको प्रयोग गरी शक्तिहीन बनाइन्छ र किनारीकृत गरिन्छ । पितृसत्ताको खास अभिप्राय पिताको मात्र नभएर पुरुषको शासन भन्ने हो (लर्नर, सन् १९८६, पृ. २३९) । यसले पिताको मात्र नभएर पुरुषकेन्द्रित शासन भन्ने अर्थबोध गराउँछ । पितृसत्तामा अभ्यन्तरित समाजमा महिलाहरू पुरुषबाट मात्र नभएर महिलाबाट पनि उत्पीडित हुन्छन् । कमला भासिनले 'ह्वाट इज प्याटीयार्की' भन्ने पुस्तकमा पितृसत्ताले महिलाको जीवनमा अन्य पक्षका साथै महिलाको प्रजनन शक्ति तथा यौनिक सम्बन्धमा पनि नियन्त्रण गर्ने कुरा उल्लेख गरेकी छन् (पृ.६-११) । नारीका सापेक्षतामा पुरुषको वर्चस्व, आधिपत्य र सर्वापरितालाई स्वीकार गरिने पितृसत्ताको विरोध सबै किसिमका नारीवादीहरूले गरेका छन् । नारीपुरुष बीचको सम्बन्ध, लैङ्गिक प्रतिनिधित्व, शक्तिसम्बन्ध, नारीउत्पीडन जस्ता समस्यालाई पितृसत्तामा अध्ययन गरिन्छ । पितृसत्ता नारीहरूको अग्रसरता र विकासको प्रमुख बाधक तत्व हो भन्ने कुरालाई मूलधार, सहायकधार र अन्यधार सबै किसिमका नारीवादीहरूको एउदै मत रहे तापनि उग्र नारीवादीहरूले अझ बढी विरोध गरेका छन् । मार्क्सवादी

नारीवादीहरूले आर्थिक शोषण र नियन्त्रणको दमनात्मक रूपका रूपमा पितृसत्तालाई लिएका छन् । यसरी नारीवादी समालोचकहरूले आफ्ना विभिन्न संस्थाका माध्यमबाट नारीलाई भेद, हिंसा, दमन, शोषण, उत्पीडन गर्ने पितृसत्ताका विरुद्ध आवाज उठाउँदै पुरुषसरह समान भूमिका र प्रतिनिधित्व एवम् पहिचानको मुद्दा उठाएका छन् ।

प्रतिनिधित्वको अवधारणा अर्थ र भाषासँग सम्वन्धित हुन्छ । पाठले प्रस्तुत गर्ने अर्थको खोजीगर्दा प्रतिनिधित्वको विश्लेषण गरिन्छ । *"साहित्यमा स्टुआर्ट हलले प्रतिनिधित्वलाई भाषाका माध्यमबाट गरिने अर्थको उत्पादन हो भनेका छन् । नारी,दलित, सीमान्तकृत आदिको प्रतिनिधित्व पाठमा उनीहरूको निश्चित सन्दर्भहरूसहित हुन्छ र यसले उनीहरूको अवस्थालाई देखाउँछ* ।" (गिरी, २०७०, पृ. २८) नारीवादी साहित्यमा प्रतिनिधित्वको खोजीगर्दा पाठमा उपस्थित नारीपात्रले कुन वर्ग, जाति, समुदाय, धर्म, भूगोल आदिको प्रतिनिधित्व गरेका छन् त्यस आधारमा विश्लेषण गरिन्छ । प्रतिनिधित्वलाई समालोचक रमेश भट्टराईले यसरी अर्थ्याएका छन् :

> सांस्कृतिक सन्दर्भमा कुनै वर्ग, लिङ्ग, जाति, राष्ट्रियताको उपस्थिति साहित्यमा कसरी भएको छ भन्ने खोजी नै प्रतिनिधित्व हो । साहित्यमा प्रतिनिधित्वको खोजी पछि परेका समुदाय, निम्नवर्ग, जनजाति, दलित, महिला आदि वा अल्पसङ्ख्यक समूहका माध्यमबाट हुन सक्छ । साहित्यमा उपस्थित चरित्रबाट नै प्रतिनिधित्वको खोजी गर्ने कार्य संभव हुन्छ (भट्टराई, २०७०, पृ.३३६) ।

नारीवादी साहित्यमा प्रतिनिधित्वको खोजी गर्दा महिला, जनजाति, तेस्रोलिङ्गी, समलिङ्गी, दलित, उत्पीडित आदिका आधारमा गरिन्छ । पश्चिमी साहित्यमा बेलहुक्सजस्ता नारीवादीहरूले सिस्टरहुडमा जोड दिएका छन् । उनीहरूले पुँजीवादी समाज व्यवस्थाका कारण काला नारीहरूको प्रतिनिधित्व कम भएकाले सबै वर्ग र रङ्गको समान प्रतिनिधित्वलाई जोड दिनुपर्ने विषयको उठान गरेका छन् (पिल्चर र इमेल्डा, सन् २००४,पृ.१३२-१४२) यी अध्येताले अमेरिका जस्ता मुलुकमा काला नारीको उपस्थिति कम हुँदा वर्ग र रङ्ग दुबै आधारमा प्रतिनिधित्व गराउनु पर्ने विषयलाई जोड दिएका छन् ।

प्रतिनिधित्व सँगसँगै पहिचानको प्रश्नपनि समन्वित भएर आएको हुन्छ । पहिचानको प्रश्न लिङ्ग, वर्ग, जाति, धर्म,भाषा जस्ता विविध विषयमा आधारित हुन्छ । पहिचान व्यक्ति, समुदाय, लिङ्ग, जाति आदिको स्वतन्त्रतासँग सम्बन्धित राजनैतिक अवधारणा हो ।

> व्यक्तिको पहिचान उसले सम्पादन गर्ने कार्यका साथै उसले बोल्ने भाषा, उसले अपनाएको व्यवसाय र उसका सम्बन्धहरूबाट निर्क्यौल गरिन्छ । एक समग्र राजनैतिकएवं सांस्कृतिक संरचनाभित्र पहिचानहरू कसरी बन्दछन् र परिवर्तन हुन्छन् यसमा के कस्ता तत्त्वहरूले भूमिका सम्पादन गर्दछन्, पहिचानको निम्ति के कस्ता प्रयत्नहरू गरिन्छन्, वर्चस्वकारी शक्तिले पहिचानलाई कसरी प्रभावित गर्छ जस्ता कुराहरू पहिचानको सांस्कृतिक अध्ययनमा आउँछन् (गिरी, २०७०, पृ. ३१) ।

यसअन्तर्गत समाजमा लिङ्ग, जाति, वर्ग, व्यक्ति, कति उत्पीडित वा स्वतन्त्र छन् भन्ने कुराको अध्ययन गरिन्छ । पाठमा पात्रलाई प्रतिनिधित्व गराउनु ठुलो कुरा होइन तर त्यसलाई कुन स्तरको पहिचान दिलाइएको छ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । पाठमा पात्रप्रति रहेको लेखकीय दृष्टिकोणको अवलोकन पनि उसको पहिचानका माध्यमबाट गरिन्छ । पाठमा प्रतिनिधित्व गराइएका जाति, वर्ग, लिङ्ग र भूगोलका आधारमा पहिचानको खोजी गरिन्छ । पहिचान अस्थिर हुन्छ त्यसैले यो परिवर्तनशील हुन्छ । पितृसत्तात्मक समाज व्यवस्थाका कारण समाजका सबै क्षेत्रमा नारीहरूको प्रतिनिधित्व कम भएपछि पहिचान पनि दोस्रोलिङ्गीका रूपमा गराउने परम्पराको विकास भएको हो । (मेन्ली, सन् २००७, पृ.५५-५६) । भिन्नभिन्न समयमा पात्रले निर्वाह गरेको भूमिकाका आधारमा भिन्न किसिमको पहिचान निर्माण भएको हुन्छ भने लैङ्गिक पहिचानसँगै नारीउत्पीडनका विषय पनि नारीवादको अध्ययनक्षेत्र हो ।

नारीवादी आन्दोलनको दोस्रो चरणमा नारी उत्पीडनको मुद्धा प्रमुख विमर्शको विषय बनेको हो । पहिलो चरणको नारीवादले ज्याला, मताधिकार लगायत अन्य क्षेत्रमा विभेदका कुरा उठाएपछि दोस्रो चरणमा नारीवादी चिन्तकहरूले नारीमाथि हुने विभेद, शोषण, दमन र उत्पीडनलाई हटाउनुपर्ने विषयलाई मूल समस्याका रूपमा अगाडि बढाए । बेट्टी फ्रिडान,केट मिलेट,सोबाल्टर आदिले मताधिकार प्राप्त गर्दैमा सबै प्राप्त गर्न नसकिने कुरा उल्लेख गर्दै हिंसा,दमन, शोषण, विभेद र उत्पीडनको संरचना भत्काउनु पर्ने अवधारणासहित आमूल परिवर्तनकारी धाराको प्रवर्तन गरे । विश्वका हरेक स्थानका महिलाहरू पितृसत्तात्मक संरचना र त्यसका संस्थाका कारण दमित, शोषित र उत्पीडित छन् । सामाजिक, सांस्कृतिक, राजनीतिक,आर्थिक हरेक क्षेत्रमा पुरुषकै स्वामित्व रहने हुनाले पुरुष शक्तिशाली बने भने महिलालाई अधिकारविहीन बनाइयो । पितृसत्तात्मक हैकमका कारण नारीउत्पीडन दिनप्रतिदिन बढ्दै गएको हो । नारीवादको दोस्रो धारका केट मिलेट, एलेन सोबाल्टरजस्ता नारीवादीहरूले प्राकृतिक लिङ्गका आधारमा गरिएको सामाजिक सांस्कृतिक लिङ्गविधानका कारण नारीउत्पीडनमा परेको उल्लेख गरेका छन् । उनीहरूले पुरुष सिर्जित साहित्यमा नारीलाई सहनशील, आश्रित, कमजोर, भावुक र भोग्याका रूपमा चित्रण गरिएको उल्लेख गरेका छन् (विल्सन, २००७, पृ.२७-३५) यही दमन, शोषण र उत्पीडनका कारण नारी दोस्रो दर्जाको नागरिक सरह अपमानित,तिरष्कृत र घृणित भएर ज्युँदै मरेतुल्य भई बाँच्न विवश भएका हुन् भने अर्कोतर्फ उत्पीडनकै कारण नारी व्यक्तिबाट वस्तुमा रूपान्तरित हुन पुगेका हुन् । यसै सम्बन्धमा ताराकान्त पाण्डे भन्छन् :

> सभ्यता र समाजको इतिहासमा पितृसत्ताको स्थापना र विकासपछि नारीहरू सीमान्त अथवा सबाल्टर्न बनाइँदै आएका छन् । उनीहरूको पहिचानलाई पुरुषआधारित बनाइएको स्थितिले उनीहरूलाई शक्तिहीन बनाइयो र सीमान्त अवस्थामा पु-याइयो । ज्ञान र शक्तिदेखि बञ्चित गराइएका महिलाहरू अन्य उपभोग्य वस्तु झैं उपभोग्य बन्न पुगे र तिनको पण्यीकरण (कमोडिफिकेसन) भयो ( पाण्डे, २०७३, पृ.९९) ।

महिलालाई व्यक्तिबाट वस्तुका रूपमा रूपान्तरण गरी किनारीकृत गर्दै जाने परम्पराले गर्दा नारीहरू दोहोरो, तेहोरो शोषणमा परेका हुन् । पितृसत्तात्मक सामाजिक संरचनाको पृष्ठभूमिमा संरचित साहित्यमा प्रायः नारीसमस्याका रूपमा नारीउत्पीडन रहेको हुन्छ । नारीउत्पीडन पनि जैविक उत्पीडन, सामाजिक सांस्कृतिक उत्पीडन र यौनिक उत्पीडन गरी तीन किसिमका छन् (पन्त, २०७८, पृ.२९, ३६) । पितृसत्तामा शक्तिको केन्द्रमा रहेको पुरुषले आफू अनुकूलका मूल्यमान्यता, आफू अनुकूलका संस्था र नीतिनियम बनाएपछि नारीहरू धर्म, संस्कृति र परम्पराका नाममा धेरै कुरामा बाँधिए । निर्मित सामाजिक, सांस्कृतिक मान्यताका कारण नारीहरू दोस्रो दर्जाका नागरिक र जनावरभन्दा पनि कम महत्त्व र अस्तित्वका मानिन थाले । “परम्परित सामाजिक सांस्कृतिक मान्यतानुसार महिला बाल्यावस्थामा देवीका रूपमा पूजिन्छन्, यौवनावस्थामा चरित्रहीन,बेस्से जस्तो उपमाले प्रताडित हुन्छन् भने बृद्धावस्थामा बोक्सीको आरोपमा यातना खेप्न विवश हुन्छन्” (पन्त, २०७७, पृ. ४४६)” । परम्परित पितृसत्तात्मक व्यवस्थामा अभ्यन्तरित नारीलाई वैधव्य जीवनमा पनि अनेक किसिमका आरोप र लाञ्छना लगाउँदै सामाजिक, सांस्कृतिक बन्धनको घेरामा पारी शारीरिक तथा मानसिक पीडा भोग्न बाध्य पारिन्छ । त्यसैगरी पितृसत्तात्मक सामाजिक सांस्कृतिक संरचनाका कारण नारीहरू यौनिक उत्पीडनमा पनि परेका छन् । यौनलाई सामाजिक प्रतिष्ठा एवम् नैतिक आचारणसँग जोडिदिनाले हाम्रो समाजमा महिलाहरू यौन चाहना व्यक्त गर्न नसकी कुण्ठित अवस्थामा विक्षिप्त बनेर रहेका छन् । यौन नारीपुरुषको जैवीकीय चाहाना भएपनि पुरुषको चाहनानुसार नारी समर्पित हुनुपर्ने र पुरुषलाई त्यसको परिपूर्ति गर्ने विकल्पहरू खुला रहने हुनाले महिलाहरू यौनिक उत्पीडनमा पनि परेका छन् ।

**५. छलफल र प्राप्ति**

नारीसमस्यालाई केन्द्रमा राखी २०४४ सालमा रचना गरिएको र २०४९ सालको 'बधशाला आउँदाजाँदा' कथा सङ्ग्रहमा सङ्गृहीत 'विकल्पहीन' कथालाई नारीवादका दृष्टिले कथारचनाको सन्दर्भलाई समेत आधार मानी पितृसत्ता, प्रतिनिधित्व,पहिचान र नारीउत्पीडनका आधारमा निम्नलिखित ढाँचामा विश्लेषण गरिएको छ :

**५.१ कथा रचनाको सन्दर्भमा पितृसत्ता**

प्रस्तुत 'विकल्पहीन' कथाकथाकार पारिजातको कथायात्राको द्वितीय चरणको उत्कर्षकाल (वि.स. २०४४) मा नारीसमस्यालाई पृष्ठभूमिमा राखी रचना गरिएको उल्लेख्य र प्रतिनिधिमूलक कथा हो । अर्धसामन्तवादी संरचनाको पञ्चायती शासन व्यवस्था चरमोत्कर्षमा पुगेको अवस्थामा सिर्जित यस कथामा पितृसत्तात्मक शासन व्यवस्था र त्यसका संस्थाहरूले युगौदेखि स्थापित संकुचित पुरातन सामन्तवादी एकपक्षीय मान्यताले महिलालाई हिंसा, दमन, भेद, शोषण गर्दै अधिकारबाट समेत वञ्चित गरेको वास्तविक उत्पीडनलाई उत्खनन गरिएको छ । पितृसत्तात्मक नेपाली समाजमा पुरुषले नारीमाथि जतिसुकै अन्याय, अत्याचार, शोषण, दमन गरे पनि पितृसत्ता र त्यसले निर्माण गरेका भाष्यका कारण लक्ष्मीपुरे डल्लीजस्ता नारीले विकल्पहीन अवस्थामा जीवनको मरुभूमिमा यात्रा गर्न विवश हुनुपर्ने तीतो यथार्थलाई कथाको शीर्षकले सन्दर्भित गरेको छ। कथामा पुरुषकै हितमा पुरुषद्वारा रचित सामाजिक, सांस्कृतिक संरचनाले पुरुषलाई स्वतन्त्र, निर्णायक र शक्तिशाली बनाएको छ भने लक्ष्मीपुरे डल्ली जस्ता महिलालाई उसको पतिले मात्र होइन परिवार,समाज र कानुनले समेत तिरष्कार गरेको छ । अर्धसामन्तवादी पञ्चायती शासनव्यवस्थामा कानुन मूलतःपुरुषपक्षीय हुनाकै कारण लक्ष्मीपुरे डल्लीले बिनाकसुर सजायभोग्न बाध्य छ भने उसको पतिले दुईवटा सन्तानकी आमालाई वस्तुसरह सडकमा मिल्काएको छ । पितृसत्तात्मक नेपाली समाजमा घरको मुखिया बनेको पुरुषले नारीलाई जतिसुकै अन्याय, शोषण, दमन गरी उत्पीडनमा पारे पनि कानुनका सूत्रले केही गर्न नसकेको वास्तविकतालाई डल्लीले यसरी स्मरण गरेकी छ :

> टोलमा उसको निम्ति कोही बोलेन,कानुनको सूत्र उसले कतै पक्रनै सकिन । पक्रेर पनि उसले हुनेवाला केही थिएन । जुत्ता मिल्क्याए जस्तो मिल्क्याई त हाल्यो । स्वास्नी त यहाँ जतिपनि राख्न पाइहालिन्छ । दानापानी नभरे कानुनले टाउको दुखाउने होइन कानुन न्याय होइन । (पारिजात,२०७३,पृ.३१०)

प्रस्तुत कथनमा अर्धसामन्तीवादी पञ्चायती शासन व्यवस्थाको कानुन पितृसत्ताद्वारा निर्देशित हुनाले लक्ष्मीपुरे डल्लीको श्रीमान्लाई जतिवटी विवाह गर्न पनि समाजले छुट दिएको छ ।उसले रखौटी राखेको छ ,सन्तानको जिम्मेवारी पूरा गरेको छैन र पत्नीप्रतिको भूमिका निर्वाह गर्न सकेको छैन । नारी पुरुषबीचको सम्बन्धलाई कुनै कोणबाट पनि सन्तुलनमा ल्याउन नसक्ने पति रूपले बिनाकसुर परित्याग गर्दा समाजमा उसको पक्षमा कसैले आवाज उठाउन सकेको छैन भने उसले पनि गायत्री चक्रवर्ती स्पिभावले भने जस्तै आफ्नो आवाजलाई अरुले सुन्ने गरी उठाउन सकेकी छैन । कानुनका दफाहरू पुरुषकै पक्षमा निर्मित छन् । त्यसैले लक्ष्मीपुरे डल्लीले सिमोन द बुभायरले भने जस्तै दोस्रो दर्जाको नागरिकका रूपमा जीवन बिताएकी छ । परिवार, समाज र कानुनले पुरुषका जस्तासुकै गल्तीलाई पनि सहज मानिदिएको छ ,स्वीकार गरिदिएको छ र पुरुषलाई उन्मुक्त बनाएको छ । उसको उत्पीडनमा कानुन सहारा बन्न सकेको छैन । समाजको यस्तै लैङ्गिक निर्मितिका कारण बुभायरले नारी जन्मिन्न पछि बनाइन्छ भनेकी हुन् । यस कथाकी डल्ली पनि सामाजले निर्माण गरेका मूल्यमान्यता र संस्कारका कारण उत्पीडित भएकी छ । कथामा लक्ष्मीपुरे डल्लीलाई आत्मनिर्भर बन्न खोज्दा बिनाकसुर लोग्नेले अरुको बात लगाएर सडकमा पुर्याउँदा समाज मौन छ । कथामा डल्लीको लोग्नेले आफ्नो दायित्व निर्वाह गरेको छैन तापनि उसलाई कानुनले केही गर्दैन । यस अवस्थामा पुरुषलाई सर्बेसर्बा ठान्ने, शक्तिकेन्द्र मान्ने, सक्षमताको पगरी गुथाइदिने पितृसत्तात्मक समाजका कारण पुरुषको वर्चश्व कायम रहेको छ । जसको फलस्वरूप डल्लीले भोगेको लैङ्गिक अन्याय र उत्पीडनमा उसको परिवार र टोलसमाजबाट आवाज निस्कन सकेको छैन ।

पितृसत्तात्मक समाजले कानुन पुरुषकै पक्षमा निर्माण गरेको छ ,त्यसैले उसले कानुनको सूत्र पक्रेर पनि हुने वाला केही छैन भन्दै तत्कालीन शासन व्यवस्थामा कानुनले नारीलाई न्याय दिलाउन नसकेको यथार्थलाई प्रस्तुत गरेकी छ ,कानुनप्रति आक्रोश व्यक्त गरेकी छ , प्रतिरोधी चेतना व्यक्त गरेकी छ तर उसको आवाजले न्यायपाउने व्यवस्था समाजमा छेन । पुरुषले स्वास्नी जति पनि राख्न पाउने,पुरुषले आफ्नो अनुकूल हुन नसक्ने नारीलाई कपोलकल्पित बात लगाएर र अनेकौ झुटा खेल खेलेर घरबाट खेद्दा पनि कानुनका दफा मौन रहने विभेदकारी नीतिप्रति डल्लीले असहमति प्रकट गरेकी छ । यसरी पुरुषकेन्द्री मानसिकताका कारण नारीलाई उपभोग्य वस्तुको रूपमा हेरिने, जुत्ता मिल्काए जस्तै मिल्क्याइदिने, सन्तानवती पत्नीलाई आत्मनिर्भर बन्न खोज्दा आफ्नो प्रभुत्व लादेर अधीनस्थ बनाउने काम डल्लीको लोग्नेले गरेको छ । यस्तो अवस्थामा आवाज उठाउँदा पितृसत्तामा बाधा पुग्ने ठानी बिना कसुर डल्ली परित्यत्ता बन्दा कानुनसमेत मौन रहने व्यवस्थाको निर्माण पितृसत्ताले गरेको छ । तत्कालीन समयमा निर्मित व्यवस्थाले न्याय प्रदान गर्न नसकेकोमा लक्ष्मीपुरे डल्लीले पितृसत्ताले निर्माण गरेका कानुनका भाष्यप्रति प्रतिरोध व्यक्त गरेकी छ । आर्थिक दुरावस्थाका कारण पीडा भोगेकी डल्लीले काम गरी आत्मनिर्भर बन्न खोज्दा पति टाढिएको छ ,रखौटी राखेको छ र उसलाई बिनाकसुर निरुद्देश्य विकल्पहीन यात्रामा निस्कन बाध्य बनाएको तथ्यलाई डल्लीले यसरी प्रस्तुत गरेकी छ :

> एकदिन उसको एउटा साथीले होटलमा एघार सय तलब खाने जागीर मिलाइदिन्छु भनी लगेर गयो । त्यसदिन अलिक मीठो खान राम्रो लाउन पाइएला भनी म रमाएकी मेरी बास्सै ...त्यसपछि ऊ बिस्तारै मदेखि पर पर भएको मलाई राम्रैसँग थाहा छ बिस्तारै बिस्तारै घरमा कम आउन थाल्यो र एकदिन मैले सुनेँ तिनले डेरा गरेर बाहिर अर्की आइमाई राखेका छन् रे । म त आकाशबाट खसेँ । सोचेँ के पुगेन उसलाई । छोरो भन्थे त्यो पनि हुन्थ्यो होला बसेको भए । जालो के बनियो खै म निमुखा के बुझूँ... । ( पारिजात,२०७३,पृ.३१०)

प्रस्तुत कथांशले आर्थिक दृष्टिले किनारीकृत भएकी लक्ष्मीपुरे डल्लीलाई पितृसत्ताद्वारा निर्मित कानुनका भाष्यले पनि लिङ्गीय दृष्टिले किनारीकृत हुन बाध्य पारेको यथार्थलाई छर्लङ्ग पारेको छ ।वर्गीय भेदका दृष्टिले किनारामा पुगेकी डल्ली आर्थिक प्रलोभनका कारण खुसी भए पनि त्यो खुसी टिक्न सकेको छैन । लक्ष्मीपुरे डल्लीले काम गरी सुखसँग जीवनयापन गर्ने कल्पनासहित काममा लाग्दा पतिकी परित्यक्ता हुनु परेको छ ,सौता बेहोर्नु परेको छ ,वस्तुसरह फ्याकिनु परेको छ र दुई छोरीकी आमाले घरमा अडिने कुनै विकल्प नपाएर निरुद्देश्य सडकमा पशुभन्दा पनि तल्लो स्तरको जीवन गुजारा गर्नु परेको छ । पितृसत्ताका संस्था र त्यसका जालाले जोलिएर परित्यक्ता बनेकी डल्लीले भने विकल्पहीन यात्रामा लाग्नुको वस्तुगत तथ्य र उपयुक्त कारण प्राप्त गर्न सकेकी छैन । उसले पुरुषलाई रखौटी राख्न छुट दिने सामान्तवादी संरचनाप्रति आश्चर्य प्रकट गरेकी छ ,प्रश्न गरेकी छ ,उत्पीडनका विरुद्ध प्रतिरोध व्यक्त गरेकी छ तर पनि तत्कालीन समाजव्यवस्थाका कारण न्याय पाउन सकेकी छैन । उदारवादी नारीवादले पितृसत्तात्मक सामाजिक संरचनामा सुधारको अपेक्षा राखे पनि आमूल नारीवादले नारीसमस्याको मूलकारक पितृसत्तालाई मानेको छ । यस कथामा पनि पितृसत्ता र यसका संस्थाका कारण प्रमुख पात्र लक्ष्मीपुरे डल्ली हिंसामा परी शोषित,दमित,उत्पीडित हुँदै विकल्पहीन अवस्थामा सडकमा पुगेकी छ ।

### **५.२. प्रतिनिधित्व र पहिचान**

विकल्पहीन कथा पितृसत्ता र यसका संस्थाद्वारा सहाराविहीन अवस्थामा पु-याइएकी लक्ष्मीपुरे डल्लीको जीवन भोगाइको मार्मिक कथासँग सम्बन्धित छ । कथामा केन्द्रीय पात्रका रूपमा उपस्थित लक्ष्मीपुरे डल्ली र उसको श्रीमान्‌को सम्बन्धलाई हेर्दा लक्ष्मीपुरे डल्लीले पितृसत्तात्मक अर्धसामन्तवादी पञ्चायती व्यवस्थाका कारण उत्पीडन भोग्न बाध्य निम्न वर्गीय नारीको प्रतिनिधित्व गरेकी छ भने उसको श्रीमान्‌ले पितृसत्ताको प्रभुत्व र वर्चस्व कायम गर्ने पति र पिताको भूमिका निर्वाह गरेको छ । कथामा चित्रित पुरुषपात्र उत्पीडक पुरुषको प्रतिनिधि

बनेर रहेको छ । आर्थिक रूपमा सीमान्तीकृत लक्ष्मीपुरे डल्ली लिङ्गीय दृष्टिले पनि किनारामा पु-याइएका नारीको प्रतिनिधि पात्र बनेर रहेकी छ । लक्ष्मीपुरे डल्लीको केन्द्रीयतामा संरचित यस कथामा उसले तत्कालीन नेपाली समाजमा बिनाकसुर सजायको भागिदार हुने नारीहरूको प्रतिनिधित्व गरेकी छ । बिनाकारण लोग्नेद्वारा परित्यक्ता बनी सन्तानको जिम्मेवारी वहन गर्ने सम्पूर्ण नेपाली नारीहरूको प्रतिनिधित्व गरेकी छ । डल्लीले आर्थिक अभावका कारण काम गरी आत्मनिर्भर बन्न खोज्दा पुरुष प्रभुत्वका कारण अर्कैको बात लगाएर सडकमा पुऱ्याइएका नारीहरूको प्रतिनिधित्व गरेकी छ । तत्कालीन नेपाली समाजमा लक्ष्मीपुरे डल्ली जस्ता नारीहरू सत्ता र शक्तिद्वारा किनारीकृत भई जीवनमा उँटमा नचढी मरुभूमिको निरुद्देश्य विकल्पहीन यात्रामा लाग्न बाध्य हुन्थे भन्ने कुरालाई नारीपक्षीय दृष्टिले हेरिएको छ । गरिवी र विपन्नताका कारण लक्ष्मीपुरे डल्लीले आफ्नो अस्तित्वलाई भुस्याहा कुकुरको भन्दा पनि अझ निम्नस्तरको रहेको अनुभूति गरेकी छ । लक्ष्मीपुरे डल्लीले मातृत्वका कारण कानुनले न्याय नदिए पनि उत्पीडन भोग्दै जीवनयापन गर्ने नारीहरूको प्रतिनिधित्व गरेकी छ । कथामा लक्ष्मीपुरे डल्लीले बिनाकारण बिनाकसुर शक्ति र सत्ताको बलमा विकल्पहीन अवस्थामा सडकमा जुत्तासरह मिल्क्याइने नारीको प्रतिनिधित्व गरेकी छ । परम्परित सामन्तवादी पितृसत्तात्मक समाजमा नारीहरू यौवनावस्थामा चरित्रहीन बेश्याको आरोपमा किनारीकृत हुन्थे भन्ने कुरालाई दुई छोरीकी आमा लक्ष्मीपुरे डल्लीलाई बिना कसुर अर्कै मान्छेको बात लगाएर सडकमा पुऱ्याइएको घटनाले पुष्टि गरेको छ । पञ्चायती शासन व्यवस्था चरमोत्कर्षमा पुगेको अवस्थामा रचना गरिएको यस कथामा लक्ष्मीपुरे डल्लीले सामन्तवादी संरचनाद्वारा पूर्णत:विकल्पहीनअवस्थामा सडकमा वस्तुसरह फ्याकिने नारीहरूको प्रतिनिधित्व गरेकी छ । डल्लीले केन्द्रमा संरचित कानुनी व्यवस्थाबाट न्याय, अधिकार र अस्तित्व प्राप्त गर्न नसकी सदैव विभेदका नजरले डसिएका नारीहरूको प्रतिनिधित्व गरेकी छ ।

लक्ष्मीपुरे डल्लीको श्रीमान्ले सत्ता र शक्तिका आडमा नारीलाई वस्तुसरह मिल्काउने परपीडक पुरुषको प्रतिनिधित्व गरेको छ । पितृसत्ताको हैकम जमाउँदै प्रभुत्व कायम गर्ने पूरातनवादी सोच,विचार र सँस्कारलाई निरन्तरता प्रदान गर्ने उत्पीडक पात्रको प्रतिनिधि बनेको छ । पितृसत्ताका आडमा नारीपुरुषको सम्बन्ध, भूमिका र जिम्मेवारीलाई वास्ता नगरी बहुविवाह गर्ने भोगी, विलासी पुरुषको प्रतिनिधि पात्रका रूपमा परिचित छ । *" झगडा कूटपिटको मात्रा बढ्यो एकदिन हुँदै नभएको मान्छेसँग बात लगाएर घरबाट निकालिदिए । कोठाको घरपतिले ताल्चा ठोक्यो छोरीहरूको बाबुले छोड्यो । म सुटुक्कै हिँडे तीनजना ज्यान घिसारेर "* (पृ.३१०) ।प्रस्तुत कथांशका आधारमा लक्ष्मीपुरे डल्ली काम गरेर खानखोज्दा लिङ्गीय हिंसा,दमन,शोषण र उत्पीडन भोग्न बाध्य नारीहरूकी प्रतिनिधि बनेकी छ ।लक्ष्मीपुरे डल्ली पितृसत्ताका कारण पति, परिवार, टोल ,समाजबाट उपेक्षित र तिरष्कृत नारीपात्र हो । शैक्षिक दृष्टिले पनि लक्ष्मीपुरे डल्ली सहरको किनारातिर रहेका नारीहरू जो शिक्षाबाट बञ्चित हुन्थे र किनारामै रहन्थे तिनीहरूको प्रतिनिधित्व गर्ने पात्र बनेकी छ भन्ने कुरालाई डल्लीले होटलमा काम पाएको र सुटुक्क घर छाडेको घटनाले पुष्टि गरेको छ । ज्ञानशक्तिको स्रोत हो भन्ने फुकोको दृष्टिबाट हेर्ने हो भने डल्ली पितृसत्तात्मक सामाजिक संरचनाका कारण किनारीकृत भएकी छ, पतिकी परित्यक्ता बनेकी छ । ऊ बाँचेको संसार नै विभेदित छ ,कागजमा लेखिएको उसको कानुनले नै उसलाई ठगेको छ । उसको संसारमा लोग्नेले स्वास्नीलाई उपेक्षा गर्नुलाई सहज र स्वाभाविक ठानिएको ,मानिएको छ भने स्वास्नीले लोग्नेलाई उपेक्षा गर्नुलाई अपवाद मानिएको छ । यसरी लक्ष्मीपुरे डल्ली पति, परिवार, समाज र समाजबाट निर्मित कानुनबाटपनि ठगिएकी छ । जसको फलस्वरूप ऊ परिवार, समाज र कानुनबाट तिरष्कृत, बहिष्कृत, अपमानित, अपहेलित, घृणित नारीहरूको प्रतिनिधि पात्र बनेकी छ । पितृसत्तात्मक सामन्तवादी व्यवस्थाका कारण बहुआयमिक शोषण र उत्पीडन भोग्न बाध्य र विवश छ भन्ने सन्दर्भलाई कथाको प्रस्तुत अंशले पुष्टि गरेको छ :

> उसको संसारमा एकथरी अतिनिर्दयी र स्वार्थी लोग्नेमान्छेहरू छन् र तिनीहरूलाई धाप मार्ने कुर हत्केलाहरू छन् । उसको संसारमा न्यायको अर्थ हो कानून, फगत एउटा कागजी कानून, जो मात्र लागू हुन सक्छ पाउन सकिँदैन । उसको संसारमा स्वास्नीले लोग्नेलाई उपेक्षा गर्नु दुत्कारनु अपवाद मात्र हो

> र लोग्नेले स्वास्नीलाई उपेक्षा गर्नु दुत्कारनु एउटा  जीवनशैली एउटा व्यावहारिकता । उसको संसारमा यस्तो भइरहन्छ । इज्जत हुनेहरू लुकेर र नहुनेहरू खुला रूपमा । (पृ.३०९)

प्रस्तुत कथांशमा विकल्पहीन कथाकी केन्द्रीय पात्र लक्ष्मीपुरे डल्ली आफूले भोगेको पितृसत्ताको संसारमा निर्दयी र स्वार्थी पुरुषले प्रयोग गर्ने वस्तु सरहकी दोस्रो दर्जाको नागरिककी प्रतिनिधि बनेकी छ । कागजको कानुनले व्यवहारमा कुनै परिवर्तन ल्याउन नसकेको अवस्थाकी अर्थात् सामन्तवादी समाज व्यवस्थाकी  दमित र उत्पीडित नारीकी प्रतिनिधि हो । लक्ष्मीपुरे डल्लीले भोगेको संसारमा नारी पुरुषको शक्ति सम्बन्धलाई हेर्ने हो भने लक्ष्मीपुरे डल्ली सत्ता र शक्तिबाट किनारीकृत भएका नारीकी प्रतिनिधि पात्र हो । उसको संसारमा पुरुषको हातमा सत्ता र शक्ति रहेको हुनाले नारी उपेक्षित वर्गका प्रतिनिधि बनेका छन् भने केन्द्रको प्रतिनिधि पुरुष बनेको छ । कथा रचनाको पृष्ठभूमिलाई सङ्केत गरिएको यस कथांशको अन्त्यमा इज्जत नहुने लक्ष्मीपुरे डल्लीका श्रीमान् जस्ता परपीडक पुरुषले खुला रूपमै शक्तिको दुरूपयोग गरी पितृसत्तात्मक सामन्तवादी समाजमा शासक वर्गको प्रतिनिधि बनी नारीलाई उपेक्षा गरेको छ , किनारामा पु-याएको छ , विकल्पहीन अवस्थामा मरुभूमिको यात्रा गर्न बाध्य बनाएको छ । कति सारहीन र निरस छ उसको यात्रा भन्ने कुराको ज्ञात उसलाई मात्र छ । ऊ बिनाकारण घरबाट निकाली सडकमा पु-याएकी छ । त्यसैले लक्ष्मीपुरे डल्लीको यस कथनले तत्कालीन शासन व्यवस्थाको क्रुर अमानवीय प्रवृतिलाई उदाङ्गो पारेको छ ।

'विकल्पहीन'कथा रचनाको पृष्ठभूमिलाई अध्ययनगर्दा तत्कालीन अर्धसामन्तवादी पञ्चायती  व्यवस्थामा लक्ष्मीपुरे डल्ली जस्ता पितृसत्ताले किनारामा पु-याइएका नारीहरूले स्वतन्त्र र सशक्त रूपमा पहिचान खडा गरी जीवनयापन गर्न पाउँदैनथे तापनि पितृसत्ताको छायाबाटै आफ्नो पहिचान निर्माण गर्न संघर्षरत रहेको कुरालाई कथामा लक्ष्मीपुरे डल्लीले बाँचेको, भोगेको संसारका माध्यमबाट सार्वजनिक गरिएको छ । लक्ष्मीपुरे डल्लीले थालनी गरेको विकल्पहीन यात्राबाट उसको पहिचान यसरी खुलेको छ :

> यहाँ बालुवा नभए पनि यसलाई मरुभूमिको यात्रा भनिदिए फरक पर्दैन तर लक्ष्मीपुरे डल्ली उँटमा चढेकी यात्री होइन । ऊ पैदल छे र उसको दायाँ,बायाँ,माथि, तल भनौ जता छाम्यो त्यतै घोर गरिबी र यस्ता गरिबीका साथी आश्रयहीनता सिङ्गो परिवेश भएर फैलिएको छ । यस विपन्नताको विकराल यात्रामा भरोसाको एउटा सिङ्गो हाँगा पनि ऊ देख्दिन,जहाँ यसो अडेस लाग्न सकोस् (पृ.३०८) ।

प्रस्तुत कथांशमा लक्ष्मीपुरे डल्लीलाई बिना उँटको मरुभूमिको कठिन यात्रामा पैदल यात्रा गर्ने यात्रीका रूपमा पहिचान दिलाइको छ , गरिबी र विपन्नताको बाध्यात्मक अवस्थामा विकल्पहीन अवस्थामा यात्रा गर्ने यात्रीका रूपमा पहिचान दिलाइएको छ । तत्कालीन समाज व्यवस्थामा पति,परिवार,टोल छिमेक ,कानुन कतैबाट पनि सहारा नपाएर गरिबी र विपन्नताको बाध्यात्मक अवस्थामा विकल्पहीन यात्रामा सरिक उत्पीडित नारीका रूपमा चिनाइएको छ । लक्ष्मीपुरे डल्ली  गरिब छ ,विपन्न छ , पेट पाल्ने समस्याले घर छाडेर निस्केकी छ । कथामा डल्ली परिवार,समाज,व्यवस्थाको उत्पीडनले घेरिएकी विवश आश्रयहीन नारीका रूपमा परिचित छ । पति, परिवार, टोलसमाज सबैको उपेक्षा भोग्न बाध्य लक्ष्मीपुरे डल्लीले पितृसत्ताका कारण उपेक्षित, तिरष्कृत र सहाराविहीन जीवन बिताउन बाध्य नारीको पहिचान खडा गरेकी छ । लक्ष्मीपुरे डल्लीको वर्ग र जात उल्लेख गरिएको छैन तापनि ऊ पितृसत्ताका कारण उत्पीडित नारीहरूको पहिचान बोकेर बाँचेकी छ । ऊ गरिब छ ,तिरष्कृत छ त्यसैले वर्गका आधारमा लक्ष्मीपुरे डल्ली निम्नवर्गीय पात्रहो भने लिङ्गका आधारमा पितृसत्ताका कारण सत्ता र शक्तिबाट टाढा पु-याइएकी उत्पीडित नारीपात्र हो । ऊ पितृसत्तात्मक कानुनले न्याय दिन नसकेको अवस्थामा दोस्रो दर्जा (पशुभन्दा पनि तल्लो स्तर)को अस्तित्वहीन अवस्थामा बाँच्न बाध्य हुँदा आक्रोशको भाव व्यक्त गर्ने लेखकीय नारीवादी विचारधारालाई आत्मसात् गरेकी पात्र हो । लक्ष्मीपुरे डल्ली आफूभित्रको पीडालाई आफैले मूल्याङ्कन गर्न नसक्ने अवस्थामा पुगेकी पात्र हो । अन्तरआत्माको पोल्ने घाउलाई लैङ्गिक समता र समानताको मलमले शान्त बनाउन चाहने उदारवादी नारीवादी चिन्तन र चेतनालाई विस्तार गर्न चाहने पात्रकी

प्रतिनिधि हो । लक्ष्मीपुरे डल्ली पितृसत्ताका कारण सडकमा वस्तुसरह मिल्किनु पर्दा कतैबाट भरोसाको आड नपाएकी पात्र हो । ऊ शक्ति सन्तुलनका आधारमा शक्ति र सत्ताबाट उत्पीडित र बञ्चित चरित्रको पहिचान निर्माण गरेकी पात्र हो ।

**५.३ नारीउत्पीडन**

पितृसत्तात्मक सामाजिक संरचनाभित्र पुरुषप्रधान शासन व्यवस्था रहने हुनाले पुरुष शासक र महिला शासित भएर रहेका हुन्छन् । विकल्पहीन कथामा कथाकी प्रमुख पात्र लक्ष्मीपुरे डल्ली सामाजिक सांस्कृतिक उत्पीडनको सिकार भएकी छ । पितृसत्तात्मक सामाजिक संरचनाका कारण पुरुषले नारीमाथि गरेको जस्तोसुकै अन्याय, दमन, शोषण, उत्पीडनलाई सहेर निरीहभई बस्नुपर्ने बाध्यात्मक अवस्थालाई कथामा मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । पुरुषलाई बहुविवाह गर्न छुट दिने सामाजिक सांस्कृतिक संरचनाले महिलालाई व्यक्तिबाट वस्तुमा रूपान्तरण गरी पशुको अस्तित्वभन्दा पनि अफ कम भएको आत्ममूल्याङ्कन गरी बाँच्न बाध्य बनाएको छ । लक्ष्मीपुरे डल्लीले बाँचेको युग रुढ छ, भोगेको समाज विभेदयुक्त छ, भगवान पनि उसको दुःखमा रमिते बनेका छन् । आर्थिक विपन्नताका कारण भुस्याहा कुकुरले आफ्ना बच्चालाई जुठ्यान ल्याएर पालनपोषण गर्दा उसले पानीबाहेक अरु खुवाउन सक्दिन । लक्ष्मीपुरे डल्लीले गरिबी र विपन्नताका कारण भोगेको उत्पीडनलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> लक्ष्मीपुरकी डल्ली यो दृश्य देखेपछि मर्माहत हुन्छे यसो आफ्नो छातीभित्रको आमापनलाई सुम्सुम्याउन नभियाउँदै आँखाहरू छलेर बागिदिए बरर...। उसले मन मनमा भनी, कठै कालीमाऊँ तँ त कुकुर होस् रछ्यानपनि चहार्छेस्, अरु थोक पनि खान्छेस् ,म के गरुँ,तँभन्दा त मै दुःखी रहिछु । (पृ.३११)

प्रस्तुत कथांशमा भौगोलिक, सामाजिक, सांस्कृतिक उत्पीडन भोग्दै जीवनयात्रामा विद्रूप अवस्था पार गर्दै गरेकी लक्ष्मीपुरे डल्लीले उत्पीडनकै कारण कुकुरको कालीमाउँभन्दा अफ दुःखी बनेर रहेको अनुभूति गरेकी छ । शक्ति केन्द्रमा आसिन पुरुषले आफू अनुकूलका मूल्य-मान्यता, नीतिनियम,विधिविधान निर्माण गर्दा किनारामा रहेका नारीहरूले लक्ष्मीपुरे डल्लीले जस्तै पीडा भोग्नु परेको छ । आर्थिक समस्याका कारण घरबाट निस्केर काममा लागेकी लक्ष्मीपुरे डल्लीले काममा लागेपछि पतिबाट टाढिएर परित्यक्ता बन्नुपरेको छ । लक्ष्मीलाई काम गरेर खान खोज्दा लोग्नेले बिनाकसुर परपुरुषको बात लगाएर घरबाट निकालेको छ ,रखौटी राखेर विवाह गरेको छ ,सन्तानप्रतिको जिम्मेवारी बिर्सेको छ । विवाहित र सन्तानवती श्रीमतीलाई जुत्तासमान मिल्काउँदा डल्लीको जीवनदःखद् बनेको छ । निरुद्देश्य विकल्पहीन अवस्थामा मगन्ते बनेर बाँच्न विवश भएकी छ । दुई दूधे बच्चालाई काखी च्यापेर निस्केकी लक्ष्मीपुरे डल्लीले सन्तान पाल्ने र हातमुख जोड्ने समस्यालाई समाधान गर्न ठूला घरतिर चियाएर हेर्दा भोगेको सामाजिक उत्पीडनलाई यसरी प्रस्तुत गरेकी छ : "काम पाइन्छ कि ठूला घरहुँदो यसो चियाएर हेरी सबै ठाँउ उसले जबाप ऽपाई छोराछोरीकी आमा हुँदैन, काममा अल्फो हुन्छ पहिले पहिलेबाटै केटाकेटीलाई खुवाइहाल्छन्, आमाको मन न हो चोरेर लान के बेर "(पृ.३१०)।

प्रस्तुत कथांशमा लक्ष्मीपुरे डल्ली पति, परिवारबाट मात्र होइन, पितृसत्तात्मक समाज र त्यो समाजले निर्माण गरेको व्यवस्थाबाट पनि उत्पीडन भोग्न बाध्य भएकी छ । छोराछोरीकी आमा हुनाले काम गरेर खाने अवसरबाट पनि बञ्चित हुनुपरेको छ । छोराछोरीका कारण काममा समेत बाधा पर्ने पूर्वानुमान गरिएको छ । कथामा आर्थिक, सामाजिक, सांस्कृतिक समस्याले लक्ष्मीपुरे डल्लीको पहिचानमा समेत विद्रूपता सिर्जना गरेको छ । ममतामयी, वात्सल्यमयी लक्ष्मीपुरे डल्लीको कर्मशील व्यक्तित्वलाई चोरी गरेर सन्तान पाल्ने आशंका गरी उसको सुन्दर पहिचानलाई विद्रूप बनाइएको छ र मानसिकतामा उत्पीडन थोपरिएको छ ।

कथामा नारीले पुरुषलाई हेर्ने दृष्टिकोण र पुरुषले नारीलाई हेर्ने दृष्टिकोणका आधारमा पनि डल्लीले भोगेको उत्पीडनलाई छर्लङ्ग पार्न सकिन्छ । तत्कालीन पितृसत्तात्मक सामन्तवादी समाजले संरचना गरेको कानुनले पुरुषलाई स्वास्नीको उपेक्षा गर्न, दुत्कार्न र बहुविवाह गर्न मुक्ति प्रदान गरेको छ , छुट दिएको छ । स्वास्नीलाई

उपेक्षा गर्नु नै पुरुषको पुरुषार्थ, जीवनशैली र व्यावहारिकता भएको छ । पाठमा लक्ष्मीपुरे डल्लीको श्रीमान्ले आफैले माया गरेर विवाह गरेकी श्रीमतीलाई काम गरेर खान खोज्दा ऊबाट बिस्तारै टाढिएर बिनाकसुर अरुको बात लगाएर दूधे बच्चासहित सडकमा पु-याउनु नारीउत्पीडनको चरम रूप हो। लक्ष्मीपुरे डल्ली जुत्ता मिल्काएसरि सडकमा विकल्पहीन अवस्थामा मिल्क्याइएकी छ । किनारीकृत भई जीवनको मरुभूमिमा यात्रा गर्दा डल्लीले सडकको कुकुरले भन्दापनि बढी दुःखपाएको अनुभूति गर्नुले नारीउत्पीडनलाई सहजै मूल्याङ्कन गर्न सकिन्छ। साना दूधे बच्चालाई पानीले पेट भराउँदै सडकमा निरुद्देश्य यात्रामा संलग्न डल्लीले माग्नेले प्रयोग गर्ने भाषाको प्रयोग गर्न र अभिनय गर्न पनि जान्दिन फलस्वरूप ऊ भित्रको पीडाले उसलाई निस्तेज बनाउँछ । यसरी तत्कालीन समयावधिमा लक्ष्मीपुरे डल्लीको उत्पीडनको प्रमुख कारकका रूपमा तत्कालीन समयको नेपाली समाजव्यवस्था, पितृसत्ता र त्यसका संस्थाहरू जिम्मेवार रहेका छन् । लक्ष्मीपुरे डल्लीले बाँचेको समयमा स्वास्नीले लोग्नेलाई दुत्कार्नु र उपेक्षा गर्नु भनेको अपवादका रूपमा आउने हुनाले उसले लोग्ने टाढिँदा, लोग्नेले रखौटी राख्दा पनि संकुचित पितृसत्ताकै सोचबाट मूल्याङ्कन गर्दै छोरो नभएर यसो गरेको भए पनि त्यो पनि हुन्थ्यो होला भन्दै विद्यमान पितृसत्ता र त्यसले निर्माण गरेको भाष्यलाई आफूले बुझ्न नसकेको यथार्थ प्रकट गरेकी छ ।कथामा पितृसत्ता र त्यसका संस्थाबाट उत्पीडन भोग्न विवश लक्ष्मीपुरे डल्लीका माध्यमबाट नारीअस्मिता र पहिचानमाथि हुँदै आएको उत्पीडनलाई सूक्ष्म र संवेदनशील ढङ्गले प्रस्तुत गरिएको छ। सुखदुःखको संगमका रूपमा जिन्दगीलाई बुझेकी लक्ष्मीपुरे डल्लीले गरिबी र विपन्नताको बाध्यात्मक अवस्थामा व्यक्तिबाट वस्तुमा रूपान्तरित भई सन्तानको पूर्ण जिम्मेवारीसहित उत्पीडन भोगेको घटनाले महिलाको शारीरिक र मानसिक दुबै किसिमको उत्पीडन भएको कथा बनेको छ ।

**६. निष्कर्ष**

पारिजातको 'विकल्पहीन' शीर्षकको यो कथा पूर्णतः नारीसमस्यामा केन्द्रित कथा हो । यस कथामा लक्ष्मीपुरे डल्लीले पितृसत्ताका कारण उत्पीडन भोग्न बाध्य र विवश नारीको प्रतिनिधित्व गरेकी छ। ऊ लिङ्गीय, वर्गीय, भौगोलिक र राजनीतिक दृष्टिले केन्द्रबाट किनारीकृत भएकी छ। उसलाई किनारीकृत उत्पीडित महिलाको विद्रूपित चरित्रका रूपमा पहिचान गराउने काम पितृसत्ताबाट भएको छ। कथामा नारीमाथिको पुरुषको दृष्टिकोण उपेक्षित छ, पुरुष सर्वेसर्वा हुने र नारी उनीहरूको अधीनमा हुनुपर्ने मूल्य पितृसत्ताले निर्माण गरिदिएको हुनाले लक्ष्मीपुरे डल्लीले गरिखान खोज्दा पतिले त्यागेको छ, अर्की श्रीमती विवाह गरेको छ र उसले पति र पिताको भूमिका निर्वाह गरेको छैन । यहाँ लक्ष्मीपुरे डल्लीले परम्परित पितृसत्ताको अभ्यन्तरित प्रभुत्वलाई परम्पराका रूपमा अप्रत्यक्ष रूपमा सम्झौता गरी स्वीकार गरेकी छ। पाठमा वर्णित परिवेशले तत्कालीन नेपाली समाजको अर्धसामन्तवादी शासन पद्धतिलाई सङ्केत गरेको छ । कथामा उपस्थित पात्रको शक्तिसम्बन्धलाई हेर्दा पुरुष केन्द्रमा रहेको छ र उसले शक्ति र सत्ताका आडमा वर्चश्व कायम गरेको छ भने नारी पात्रले किनारीकृत अवस्थामा उत्पीडन भोग्दै विकल्पहीन अवस्थामा आफ्ना सन्तानसहित सडक चहार्नुपरेको छ, सन्तानको जिम्मेवारी एक्लै लिनु परेको छ । कथामा पुरुषको भोगवादी मानसिकतालाई छर्लङ्ग पार्दै तत्कालीन सामाजिक, सांस्कृतिक, राजनीतिक, व्यवस्था र त्यसका दुर्बल पक्षलाई उठान गरिएको छ । जर्वजस्ती घरबाट निकालिएकी लक्ष्मीपुरे मानवबाट वस्तुमा रूपान्तरित भएकी छ ,जुत्तासमान सडकमा मिल्किएर किनारीकृत भई दोस्रो दर्जाको दर्दनाक जीवनयापन गरेकी छ । यसरी यो कथाको मूल्य तत्कालीन सामन्तवादी समाज व्यवस्थामा विद्यमान नारीउत्पीडनको पर्दाफास गर्नुसँग सम्बद्ध छ। लक्ष्मीपुरे डल्लीको स्वभाविक पहिचान र अस्तित्वमाथि पितृसत्ताका संस्थाहरूले उत्पीडन प्रहार गरी विद्रूप तुल्याएका छन्, लैङ्गिक विभेदको चरम रूपलाई प्रदर्शन गरेका छन्। कथामा कानुनको फेर समाएर फेहरिस्त लगाउन नसके पनि न्याय दिन नसक्ने कानुनप्रति डल्लीले घृणा व्यक्त गरेकी छ र आक्रोशको भाव व्यक्तगर्दै प्रतिरोधी चेतना व्यक्त गरेकी छ ।उदारवादी नारीवादलाई आधार मानी लैङ्गिक भेदलाई छरपष्ट पारिएको यस कथामा पुरुषलाई कानुनले छुट दिँदा नारीहरू वस्तुसरह सडकमा पुग्न परेको

यथार्थलाई प्रस्तुतगर्दै सामाजिक मूल्यमान्यतामा सुधार ल्याउनुपर्ने र लैङ्गिक समता र समानता हुनुपर्ने चिन्तन व्यक्त भएको छ । कथामा फरक पहिचानमा रहेकी लक्ष्मीपुरे डल्लीले तत्कालीन नेपाली समाजको कानुन पुरुष पक्षीय भएका कारण ऊ हिंसा, दमन, शोषण र उत्पीडनमा परेको कुरा उल्लेख गरेकी छ । तत्कालीन समयावधिमा पुरुष केन्द्रमा र महिला किनारामा रहने व्यवस्थाले कथामा लक्ष्मीपुरे डल्ली निम्नवर्गीय, शोषित, पीडित महिलाहरूकी प्रतिनिधि बनेकी छ, जसले पितृसत्ताको हैकम र प्रभुत्वलाई आफ्नै कर्मको फलका रूपमा स्वीकार्दै हतभागी जीवन जिउन विवश छ, डल्लीका लागि पितृसत्ताले निर्माण गरेका आदर्शका संकथनहरू व्यर्थ छन् । डल्लीले तत्कालीन समाजव्यवस्थामा नारी पुरुषको शक्तिसम्बन्धलाई सङ्केत गर्दै कानुनले न्याय दिलाउन नसकेको कुरा उल्लेख गरेकी छ । कथामा कथाकारले उत्पीडित पात्रलाई पितृसत्तात्मक कानुनका विरुद्धमा र नारी पुरुषको सम्बन्धका बारेमा बोल्न लगाएर नारीमैत्री विचारधारा प्रस्तुत गरेकी छन् । स्रष्टाले उत्पीडित पात्रका जीवनभोगाइका अनुभूतिलाई अभिव्यक्त गर्न लगाएकी छन् । कथामा वस्तुसरह किनारामा पुऱ्याइएकी दोस्रो दर्जाकी नागरिक लक्ष्मीपुरे डल्लीलाई बोल्न लगाई उसलाई शक्तिशाली बनाउन खोजिएको हुनाले नारीपक्षीय भाव अभिव्यञ्जित भएको छ, नारीवादी चेतना र चिन्तन स्थापित भएको छ ।

## सन्दर्भसामग्री सूची


उप्रेती, सञ्जीव (२०६८). *सिद्धान्तका कुरा* (चौथो संस्क.), अक्षर क्रियसन्स नेपाल ।

एटम, नेत्र (२०६१). *समालोचनाको स्वरूप,* साझा प्रकाशन ।

गिरी, अमर (२०७०)."सांस्कृतिक अध्ययनको सैद्धान्तिक आधार र अवधारणा", *भृकुटी* (भाग १७) पृ. १६-४६ ।

गिरी, अमर (२०७७ ). "नारीवाद, नारीवादी आन्दोलन र साहित्य चिन्तन", *भृकुटी* (भाग २३), पृ.११-३५ ।

गौतम, कृष्ण (२०५९). *आधुनिक आलोचना : अनेक रूप अनेक पठन* (दोस्रो संस्क.) साझा प्रकाशन ।

घिमिरे, कृष्णप्रसाद र ज्ञवाली, रामप्रसाद (२०५८). *आख्यानकार पारिजात.* हजुरको पुस्तक संसार ।

त्रिपाठी, सुधा (२०६८). *नारीवादी सौन्दर्यचिन्तन.* भृकुटी एकेडेमिक पब्लिकेसन प्रा.लि. ।

त्रिपाठी, सुधा (२०६८). *नेपाली उपन्यासमा नारीवाद.* भृकुटी एकेडेमिक पब्लिकेसन प्रा.लि. ।

पन्त, साधना (२०७७). 'उत्तरवर्ती आख्यानमा नारीवादी चिन्तन'. *भृकुटी* (भाग २३),पृ. ३९८- ४१८ ।

पाण्डेय, ताराकान्त (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* साझा प्रकाशन ।

पाण्डेय, ज्ञानु (२०६९). *नेपाली उपन्यासमा लैङ्गिकता,* नेपाल प्रज्ञाप्रतिष्ठान ।

पारिजात, (२०७३). *पारिजातका सङ्कलित रचनाहरू* (दोस्रो संस्क.) फिनिक्स बुक्स ।

पोखेल, डी.आर(२०७५).'कथा सिर्जनामा पारिजात'. *भृकुटी* (भाग १८), पृ. १४५-१५७ ।

बराल, ऋषिराज (२०७३). *मार्क्सवाद र सबाल्टर्न अध्ययन.* साझा प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०६८).'लैङ्गिक समालोचना'. *रत्नबृहत् समालोचना* (सैद्धान्तिक खण्ड). राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), रत्न पुस्तक भण्डार, पृ.२५९- २७३

भट्टराई, रमेशप्रसाद (२०७०).'सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू', *भृकुटी,* (भाग १९). पृ. ३३४- ३६५ ।

भट्टराई, रमेशप्रसाद (२०७७). *सांस्कृतिक (वर्गीय,लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* भूँडीपुराण प्रकाशन ।

लुइटेल, गोविन्दप्रसाद (२०७७). 'नारीवादी चेतना : सन्दर्भ पारिजातका कथा',*भृकुटी* (भाग २३), पृ. १८६ - १९८ ।

शर्मा, हरिप्रसाद (२०६७) . *कथाको सिद्धान्त र विवेचना* (दोस्रो संस्क.), साझा प्रकाशन ।

शर्मा, सिर्जना (२०७५). 'नेपाली कथामा पारिजातको स्थान'. *भृकुटी. पूर्णाङ्क २२* पृ. ३२४- ३३८ ।

Lerner, Gerda (1986).*The ccreation of patriarchy*, Oxford University press.

Lerner, Judith (2005). *Gender inequality* (Third edn.), Raksberry Publication House .
Manly, Susan (2007). "Mary Wollstonecraft and her legacy." in Plain, Gill, andSusan Sellers eds. *A History of Feminist Literary Criticism* (pp 46-65.). Cambridge University Press.
Pilcher, J. and Whelehan, I. (2004). *Fifty Key Concepts in Gender Studies*. Sage.
Wilcox, Helen (2007). "Feminist criticism in the Renaissance and seventeenth century." in Plain, Gill, and Susan Seller eds. *A history of feminist literary criticism* (pp.27-45). Cambridge University Press.